# बनेपा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८०।०८१

चलानी नं.: ६८८२

मितिः २०८१।०१।०६

**विषयः निर्णय प्रतिलिपि पठाइएको सम्बन्धमा।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरवार, काठमाण्डौ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक।
श्रीमान् प्रमुखज्यू/श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका।
श्री वडा अध्यक्षज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री कार्यपालिका सदस्यज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका।
बनेपा नगरपालिका।
श्री ................................ शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय।

उपर्युक्त सम्बन्ध्मा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० चैत्र २८ गते बसेको कार्यपालिका बैठकको निर्णय प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

**कार्यार्थ**

श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका।
- वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने।

...................................
भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, पो.ब.नं. ५०८, Email:banepamun@gmail.com, info@banepamun.gov.np

बैठक संख्या : ४२

आज मिति २०८० साल चैत्र २८ गते बुधबार दिनको २:३० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा. सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रबहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | अनुपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | प्रशासकीय अधिकृत | श्री ध्रुवराज नेपाल | उपस्थित |

छलफलका विषयहरुः

१. शिक्षा सम्बन्धी

(क) नगर क्षेत्रभित्रका उपयुक्त विद्यालयहरु एक अर्कामा गाभ्ने (School Merger) सम्बन्धमा

(ख) चक्रज्योति माध्यामिक विद्यालय, बनेपा १३ मा प्राविधिक धारको कक्षा ९ मा कम्प्युटर इन्जिनियरिङ्ग विषय अनुमति प्रदान सम्बन्धी

२. राजस्व सम्बन्धमा

क) ठेक्का रकम तोक्ने

- सामुदायिक भवन बहाल
- विज्ञापन कर
- बसपार्क पार्किङ्ग शुल्क
- बसपार्क स्थित शौचालय सञ्चालन
- बुडोल सपिङ्ग कम्प्लेक्स

ख) बसपार्क स्थित सपिङ्ग कम्प्लेक्स सटर मर्मत

ग) व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि तर्जुमा

३. योजना सम्बन्धमा,

(क) अरनिको राजमार्ग दायाँवायाँको ढल मर्मत सम्बन्धी ६ नं. वडाको पत्र सम्बन्धमा,

(ख) खानेपानी व्यवस्थाका लागि ६ नं. वडाको पत्र सम्बन्धमा

(ग) ११ नं. वडाको योजना संसोधन सम्बन्धमा

(घ) २ नं. वडाको योजना संसोधन सम्बन्धमा

(ङ) ९ नं. वडाको योजना संसोधन सम्बन्धमा

(च) चण्डेश्वरी जात्रा अगाडी जात्रा हुने मार्गमा मर्मत सम्भार गर्ने सम्बन्धमा

४. सहिद प्रतिष्ठान बनेपा ६ को नक्सा पास सम्बन्धमा

५. सिगात्से नगरका प्रतिनिधि मण्डलको भ्रमणका लागि औपचारिक निमन्त्रणा सम्बन्धमा

६. फोहोरमैला वर्गिकरण सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र सम्बन्धमा

७. विविध ।

-::निर्णय::-

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| १. | गत बैठकको निर्णय समीक्षा सम्बन्धमा | बनेपा नगरपालिका, नगर कार्यपालिकाको गत बैठकमा भएको बैठकको कार्य प्रगतिका सम्बन्धमा समीक्षा गरियो । |

<table>
<tr><th>नि. नं.</th><th>छलफलका विषय</th><th>निर्णय</th></tr>
<tr><td>२.</td><td>नगर क्षेत्रभित्रका उपयुक्त विद्यालयहरु एक अर्कामा गाभ्ने (School Merger) सम्बन्धमा</td><td>स्रोत साधनको अधिकतम उपयोग मार्फत विद्यालय व्यवस्थापन लाई चुस्त दुरुस्त बनाउन तथा शैक्षिक गुणस्तर अभिवृद्धी गर्ने उद्देश्यले बनेपा नगरपालिका क्षेत्रभित्रका उपयुक्त विद्यालयहरु एक अर्कामा समायोजन गरी सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि चौधै वडामा हालसम्म भएका प्रगति समीक्षा हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।<br>(क) बनेपा नगरपालिका वडा नं. ४ को पत्रसाथ प्राप्त उक्त वडाको वडा शिक्षा समितिको मिति २०८०।१२।२७ को निर्णयबाट सिफारिस भई आए बमोजिम बनेपा नगरपालिका वडा नं. ४ स्थित श्री चण्डेश्वरी माध्यामिक विद्यालयमा श्री श्रृष्टिकान्त आधारभूत विद्यालय समायोजन गर्ने र त्यसरी समायोजन भएको विद्यालयको चल अचल सम्पत्ति, दायित्व, विद्यालयमा अध्ययनरत विद्यार्थी तथा उक्त विद्यालयमा रहनु भएका प्रारम्भिक बालविकास शिक्षक, अन्य तहमा रहनु भएका शिक्षक तथा कर्मचारी समेत हाल कायम भएको विद्यालयमा समायोजन हुने निर्णय गरियो ।
<table>
<tr><th>क्र.सं.</th><th colspan="2">समायोजन हुने विद्यालयको नाम</th><th>समायोजन पश्चात कायम हुने विद्यालयको नाम</th></tr>
<tr><td>१</td><td>श्री श्रृष्टिकान्त आ.वि., बनेपा ४</td><td>श्री चण्डेश्वरी मा.वि., बनेपा ४</td><td>श्री चण्डेश्वरी श्रृष्टिकान्त मा.वि., बनेपा ४</td></tr>
</table>
(ख) नगर क्षेत्रभित्रका अन्य विद्यालयहरु समेत एक अर्कामा समायोजन गरी सञ्चालन गर्ने सम्बन्धमा सबै वडाले वडा स्तरीय विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित पेश गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>३.</td><td>राजस्व सम्बन्धी प्रस्तावहरु</td><td>बनेपा नगरपालिकाको नगर स्तरीय राजस्व परामर्श समितिबाट भएको सिफारिस समेतका आधारमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>(क)</td><td>सामुदायिक भवन व्यवस्थापन</td><td>बनेपा नगरपालिका वडा नं. ८ बसपार्क स्थित सामुदायिक भवनमा स्थानीय उत्पादकहरुबाट उत्पादित विभिन्न प्रकारका सामग्रीहरु विक्री वितरण हुने गरी “बनेपा कोशेली घर” सञ्चालन गर्न आवश्यक अध्ययन गरी आगामी बैठकमा पेश गर्ने ।</td></tr>
<tr><td>(ख)</td><td>विज्ञापन कर असुलीका लागि ठेक रकम निर्धाबरण</td><td>बनेपा नगरपालिका क्षेत्रभित्र रहेका विज्ञापन कर योग्य विज्ञापन सामग्रीहरुबाट आगामी आ.व. २०८१।०८२ को विज्ञापन कर असुलीका लागि ठेक्का बन्दोबस्त गर्न न्युनतम दर तोक्ने विषयमा छलफल हुँदा चालु आ.व. २०८०।०८१ का लागि ठेक्का बन्दोबस्त भएको वार्षिक रु.२३,०५,८४०। को दश प्रतिशतले वृद्धि हुँदा कायम हुने रु. २५,३६,४२४। वार्षिक न्युनतम कबोल अंक कायम हुने गरी आगामी दुई वर्षका लागि बोलपत्र आह्वान गर्ने ।</td></tr>
<tr><td>(ग)</td><td>पार्किङ्ग शुल्क ठेक्का बन्दोबस्त सम्बन्धमा</td><td>बनेपा नगरपालिका वडा नं. ८ स्थित बसपार्कमा पार्किङ्ग गरिने सवारी साधनहरुबाट पार्किङ्ग शुल्क उठाउन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा छलफल हुँदा प्रति सवारी साधन हाल कायम भएको पार्किङ्ग शुल्क दर राजस्व परामर्श समितिबाट समीक्षा भई आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>(घ)</td><td>शौचालय सञ्चालन ठेक्का बन्दोबस्त सम्बन्धमा</td><td>बनेपा नगरपालिका वडा नं. ८ बसपार्क स्थित पुरानो सपिङ्ग कम्प्लेक्स दायाँबायाँ रहेका दुई वटा र नयाँ कम्प्लेक्समा रहेको एक वटा समेत गरी जम्मा तीन वटा शौचालय आगामी आ.व. २०८१।०८२ का लागि सञ्चालन गर्न ठेक्का बन्दो बस्त गर्न न्युनतम वार्षिक कबोल अंक रु. २५,१०,०२४। कायम गरी बोलपत्र आह्वान गर्ने ।</td></tr>
<tr><td>४.</td><td>सटर मर्मत सम्बन्धमा</td><td>बनेपा नगरपालिका वडा नं. ८ बसपार्क स्थित नयाँ सपिङ्ग कम्प्लेक्स ब्लक “ग) मा रहेका दुईवटा सटर मर्मत गर्नुपर्ने भएकाले प्राविधिक बाट भएको लागत स्टिमेट बमोजिम खर्च गर्ने गरी उक्त सटरहरु मर्मत गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>५.</td><td>व्यवसाय कर सम्बन्धी कार्यविधि</td><td>बनेपा नगरपालिकाको प्रस्तावित व्यवसाय कर दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८० को मस्यौदा विद्यायन समितिबाट अध्ययन भई सिफारिस गर्ने प्रयोजनका लागि उक्त समितिमा पठाउने निर्णय गरियो ।</td></tr>
</table>

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| ६. | अरनिको राजमार्ग दायाँवायाँको ढल व्यवस्थापन सम्बन्धमा | हाल स्तरोन्नतीका क्रममा रहेको अरनिको राजमार्ग स्तरोन्नतीका क्रममा बनेपा नगरपालिका क्षेत्रभित्र उक्त राजमार्ग दायाँवायाँ साविकमा रहेका ढल प्रणालीका साथै राजमार्ग स्तरोन्नती हुने क्रममा ढलको समस्या हुने क्षेत्रहरुमा नयाँ ढल प्रणाली व्यवस्थापन गर्नुपर्ने विषयमा छलफल हुँदा उक्त विषयको सम्बोधन भई आवश्यक व्यवस्थाका लागि नेपाल सरकार, खानेपानी मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । |
| ७. | योजना संसोधन सम्बन्धमा | चालु आ.व. २०८०।०८१ का लागि स्वीकृत योजनाहरु मध्ये सम्बन्धित वडाबाट सिफारिस भई बमोजिम तपसिल बमोजिमका योजनाहरु संसोधन गर्ने निर्णय गरियो । (तपसिल तलको तालिकामा) |

| क्र. सं. | साविक योजनाको विवरण | | संसोधित योजनाको विवरण | |
|---|---|---|---|---|
| | योजनाको नाम | रकम | योजनाको नाम | रकम |
| १. | सल्ले पिकनिक स्पोर्ट निर्माण, बनेपा ११ | १५,००,०००। | सल्ले बाटो ढलान, बनेपा ११ | १५,००,०००। |
| २. | एकिकृत खानेपानी योजना, बनेपा ११ | २०,००,०००। | कुस्लेटार खोलेखेत मोटर बाटो वाल निर्माण | २०,००,०००। |
| ३. | मेयर कप तयारी र कार्यकम, बनेपा ११ | २,००,०००। | धनेश्वर सामुदायिक वन शान्तिपार्क सिमानामा मोसो जातको बास लगाउने | २,००,०००। |
| ४. | नगरकोट टावरको दक्षिण पार्क निर्माण, बनेपा २ | १५,००,०००। | काभ्राबोट घाटेपाटी सडक योजना, बनेपा २ | १५,००,०००। |
| ५. | ग्वाद्यो खानेपानी टंकी निर्माण, बनेपा ९ | ४,००,०००। | लामागाउँ जाने बाटो निर्माण, बनेपा ९ | ४,००,०००। |

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| ८. | चण्डेश्वरी जात्रा हुने मार्ग मर्मत सम्बन्धमा | आराध्यदेवी माता चण्डेश्वरीको जात्राहुने चण्डेश्वरी मार्गका कतिपय स्थान जीर्ण भई मर्मत गर्नु पर्ने भएकाले प्राविधिकबाट भएको लागत स्टिमेट बमोजिमको रु. ७,००,०९६।४७ भित्र रही उक्त सडक मर्मत सम्भार गर्ने निर्णय गरियो । |
| ९. | बनेपा भ्रमणका लागि सिगात्से नगरको प्रतिनिधिमण्डलाई निमन्त्रणा गर्ने सम्बन्धमा | बनेपा नगरपालिकाको भगिनी सम्बन्ध रहेका मित्र राष्ट्र चीनको तिब्बत स्वायत क्षेत्र स्थित सिगात्से नगरपालिकाको समेत प्रतिनिधित्व गर्दै Samzhubze District Government प्रमुखको नेतृत्वमा एक प्रतिनिधि मण्डल बनेपा भ्रमणमा आउने अनौपचारिक जानकारी प्राप्त भएकाले उल्लेखित प्रतिनिधि मण्डलाई बनेपा भ्रमणको औपचारिक निमन्त्रणा पत्र पठाउने र भ्रमणका लागि आवश्यक तयारी गर्दैजाने निर्णय गरियो । |
| १०. | साँगा एकीकृत चाडपर्व खर्च माग सम्बन्धमा | साँगा एकीकृत चाडपर्व गुठी व्यवस्थापन समितिले विष्केट जात्रा सहितका चाडपर्व सञ्चालन खर्च माग गरेको सम्बन्धमा छलफल हुँदा सो प्रयोजनका लागि अघिल्लो आ.व. मा उपलब्ध भए सरह रु. १,३०,०००।उपलब्ध गराउने निर्णय गरियो । |
| ११. | नव वर्षको शुभकामना सम्बन्धमा | नव वर्ष २०८१ को शुभ उपलक्ष्यमा सम्पूर्ण नगरबासी दाजुभाइ दिदीबहिनीहरुमा सुस्वास्थ्य,दीर्घायु र सतत उन्नती र प्रगतिका लागि बनेपा नगरपालिकाका तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत